# नेपाल राष्ट्र बैंक
## विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाण्डौ ।
फोन नं.: ४४१४८०४/८०५/८०७
एक्सटेन्सन ५३०
पोष्ट बक्स: ७३
Email :fxmd_policy@nrb.org.np

इ.प्रा. परिपत्र संख्या : २८/२०७८-७९

मितिः २०७९/०२/२६

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरु ।
श्री विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरु, राष्ट्रियस्तरका "ख" वर्गका विकास बैंकहरु ।

**विषय : एकीकृत परिपत्र-२०७८ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०७८ मा देहायबमोजिम संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. एकीकृत परिपत्र-२०७८ को एकीकृत इ.प्रा. परिपत्रः ०१/२०७८ को दफा १.१.१५ को अन्तिम वाक्यलाई देहायबमोजिम संशोधन गरिएको छ :

"नेपाल सरकारद्धारा प्रकाशित खण्ड ७१) संख्या ४८ नेपाल राजपत्र भाग ५ मिति २०७८/११/२६ मा जारी सूचना बमोजिम भन्सार उपशीर्षक ०७१३.१०.००, ०८०२.८०.००, ०८०२.९०.०० र ०९०४.११.०० का वस्तुहरु औद्योगिक प्रयोजनको लागि उद्योग विभागको सिफारिस र वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको अनुमतिका आधारमा सम्बन्धित उद्योगले आफैं आयात गर्न सक्ने हुँदा सोही व्यवस्थाको अधीनमा रही विदेशी मुद्राको सटही सुविधा प्रदान गर्न सकिनेछ ।"

२. एकीकृत परिपत्र-२०७८ को एकीकृत इ.प्रा. परिपत्रः ०१/२०७८ को दफा १.१७ को शर्त नं. ९ मा देहायबमोजिम संशोधन गरिएको छ :

"उद्योगहरुले आफ्नै प्रयोजनका लागि उद्योग स्वयंमले आयात गर्ने ०७१३.१०.००, ०८०२.८०.००, ०८०२.९०.०० र ०९०४.११.०० हार्मोनिक कोड भएका वस्तुहरु वाहेकका कच्चा पदार्थको हकमा उपरोक्त मार्जिन र शर्तहरु सम्बन्धी व्यवस्था लागु हुने छैन ।"

भवदीय,

२०७९/२/२६

(रामु पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थः**
१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४. नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग ।
५. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, गैर बैंक तथा वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखापरीक्षण विभाग ।
११. श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१२. श्री नेपाल उद्योग परिसंघ ।
१३. श्री नेपाल चेम्बर अफ कमर्स ।
१४. श्री नेपाल बैंकर्स संघ ।
१५. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।